## जिल्ला समन्वय समितिको कार्यालय, बबरमहल, काठमाडौंको लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

(प्रकाशित मिति: २०७५/०९/१०)

जिल्ला समन्वय समिति काठमाडौंको स्वामित्वमा रहेको चन्द्रागिरी न.पा. वडा नं १२, बलम्बुस्थित जग्गामा निर्मित पुराना सरचनाहरूमध्ये मर्मत सम्भार गरी पुनः प्रयोगमा आउन नसक्ने पुराना भवन तथा ट्रसहरू भत्काउँदा निस्कने सामग्रीहरू बढाबढद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम बढाबढमा भाग लिन इच्छुक व्यक्ति वा फर्मले १५ (पन्ध्र) दिनभित्र देहायका शर्तहरूको अधीनमा रही निम्न मिति, समय र स्थानमा रू. १० को टिकट टाँस गरी यस कार्यालयबाट तयार गरिएको निर्धारित फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१) कायम भएको न्यूनतम मूल्य : मू.अ.क. सहित रू. २,२१,८३१।०० (रू. दुई लाख एक्काइस हजार आठ सय एकतीस मात्र)

२) लिलाम बढाबढ हुने मिति, स्थान र समय : २०७५।०९।२५ गते, जिल्ला समन्वय समितको कार्यालय, बबरमहल, काठमाडौं, दिनको २:०० बजे । उक्त दिन आकस्मिक सार्वजनिक बिदा परे सोको भोलिपल्ट ।

३) लिलाममा भाग लिनेले न्यूनतम मुल्यभन्दा कम नहुने गरी कबोल गर्नुपर्नेछ ।

४) लिलाममा भाग लिनेले डाँक बोल्नुभन्दा अघि न्यूनतम मुल्यको ५ प्रतिशतले हुने धरौटी बापतको रकम रू. ११,०९२।०० यस कार्यालयको धरौटी खाता न. १२०४७०५००१०३०५२४ मा वा नगदै कार्यालयमा दाखिला गर्नुपर्नेछ र डाँक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानुपर्नेछ ।

५) लिलाम सकार गर्ने पक्षले आफूले कबोल गरेको रकम यस कार्यालयको खाता न १२०४७०५००१०४३५२४ मा जम्मा गरेको सक्कल भौचर पेश गरी ६० (साठी) दिनभित्र लिलामी सामग्रीहरू लैजानु पर्नेछ ।

६) यस सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समयभित्र फोन न. ४२५३९९६ मा वा कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

७) यो सूचना यस कार्यालयको वेबसाइट www.ddcktm.gov.np मा समेत हेर्न सकिनेछ ।

जिल्ला समन्वय अधिकारी